# लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७५

**प्रमाणिकरण मितिः २०७५।१०।२१**

**प्रस्तावना** : तारकेश्वर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी तारकेश्वर नगर कार्यपालिकाले देहायका कार्यविधिहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले तारकेश्वर नगरपालिका सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले लैङ्गीक हिंसा निवारण कोष सम्झनु पर्छ।

(घ) "लैङ्गीक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गीक आधारमा हुने हिंसा सम्झनु पर्छ।

(ङ) "पीडित" भन्नाले लैङ्गीक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ।

(च) "राहत समिति" भन्नाले कार्यविधिको दफा ११ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ।

(छ) "सञ्चालक समिति" भन्नाले दफा ७ को उपदफा (१) बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ।

३. **कोषको स्थापना** : (१) लैङ्गीक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिने छ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) अन्य संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ग) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको रकम एन.आई.सी. एसिया बैंकमा खाता खोली जम्मा गरिनेछ।

(४) कोषको खाताको सञ्चालन संचालक समितिको सदस्य सचिव र नगरपालिकाको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

४. **कोषमा रकम जम्मा गर्ने** : तारकेश्वर नगरपालिका, नगरका वडाहरु, महिला हक हीतको क्षेत्रमा तारकेश्वर नगरपालिका भित्र कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले वार्षिक रुपमा गर्ने खर्चको नगरपालिकाले तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ।

५. **कोषको उपयोग** : (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्धार गर्ने,

(ख) औषधि उपचार गर्ने,

(ग) राहत प्रदान गर्ने तथा आर्थिक सहयोग उपलव्ध गराउने,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्ने,

(ङ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्ने,

(च) पुनर्स्थापना गराउन,

(छ) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गीक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गीक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने** : (१) कोषको रकम दफा ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समिति र राहत समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ।

७. **सञ्चालक समितिको गठन** : (१) कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष सञ्चालक समिति रहनेछ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) तारकेश्वर नगर प्रमुख - संयोजक

(ख) तारकेश्वर नगर उपप्रमुख - सहसंयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(घ) न्यायिक समितिका सदस्य - सदस्य
(ङ) प्रहरी वृत्त वालाजु प्रमुख - सदस्य :
(च) तारकेश्वर नगरपालिका कानुनी सल्लाहकार - सदस्य
(छ) नगर महिला तथा वालवालिका शाखा प्रमुख - सदस्य सचिव
(ज) फोकल पर्सन (सम्पर्क व्यक्ति) महिला तथा वालवालिका शाखाको प्रतिनिधि कर्मचारी १ जना

(३) उपदफा (२) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि ३ बर्षको हुनेछ।

(४) सञ्चालक समितिको सचिवालय महिला तथा वालवालिका तथा समाजकल्याण शाखा, तारकेश्वरमा रहनेछ।

८. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार** : सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैङ्गीक हिंसा निवारणको सम्वन्धमा नगरबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,
(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन नगर महिला तथा वालवालिका शाखाको नाममा रकम निकासा गर्ने,
(ग) राहत समितिको काम कारवाहीको अनुगमन गर्ने वा गराउने,
(घ) तारकेश्वर नगरपालिकाको क्षेत्र भित्र घटेका लैङ्गीक हिंसा सम्वन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,
(ङ) सीपमूलक तालिम प्राप्त पीडितलाई वीउ पूँजी (सिड मनि) प्रदान गर्ने सम्वन्धमा मापदण्ड बनाई लागू गर्ने,
(च) लैङ्गीक हिंसा निवारणको क्षेत्रमा काम गर्ने संस्थासँग समन्वय गर्ने,
(छ) कोष वृद्धिको लागि श्रोतको खोजी गर्ने,
(ज) लैङ्गीक हिंसा निवारण सम्वन्धी अन्य काम गर्ने वा गराउने।

९. **सञ्चालक समितिको बैठक र निर्णय** : (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

(४) सञ्चालक समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सञ्चालक समितिका सह-संयोजकले गर्नेछ।

(६) सञ्चालक समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(७) सञ्चालक समितिको निर्णय सो समितिको संयोजक सहसंयोजक र सदस्य-सचिवले प्रमाणित गरि राख्नेछ।

(८) सञ्चालक समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१०. **कार्यालयलाई रकम उपलब्ध गराउने** : पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि सञ्चालक समितिले कोषबाट नगर महिला तथा बालबालिका शाखाको नाममा रकम निकाशा दिनेछ।

११. **राहत समितिको गठन** : (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि एक राहत समिति रहनेछ।

(२) राहत समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) नगर उपप्रमुख - अध्यक्ष

(ख) सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि एक जना - सदस्य

(ग) महिला बालबालिका तथा समाजकल्याण शाखा प्रमुख - सदस्य सचिव

(३) समितिका सदस्यको पदावधि ३ वर्षको हुनेछ।

(४) राहत समितिको सचिवालय नगरपालिकामा रहनेछ।

(५) राहत समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१२. **राहत समितिको काम, कर्तब्य र अधिकार** : राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउने, छ

(ग) नगरस्तरमा लैङ्गीक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था बीच समन्वय गर्ने

(ङ) लैङ्गीक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने

१३. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार** : (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन दुई सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन दुईसय पचास रुपैयाँको दरले बढीमा तीन हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन दुई सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च वापत प्रतिदिन दुई सय पचास रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा दुई हजार रुपैया,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा बीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागि बढीमा तीन हजार रुपैयाँ सम्म।

१४. **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने** : (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई नगर महिला तथा वालवालिका शाखा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको संयोजकले सो प्रयोजनको लागि कोषबाट पाँच हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम सम्वन्धित पीडितलाई उपलव्ध गराउन सक्नेछ।

(४) उपदफा (३) वमोजिमको अवस्था परी सञ्चालक समितिको संयोजकबाट पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईए पछि वस्ने सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ।

१५. **थप रकम निकासा माग गर्न सक्ने** : (१) सञ्चालक समितिबाट शाखाको नाममा निकासा भएको रकम अपर्याप्त भएमा शाखाले सो को कारण खुलाई सञ्चालक समितिसँग थप रकम माग गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा सञ्चालक समितिले राहत समितिलाई आवश्यकता र औचित्यता हेरी नगरको अन्य कोषबाट थप रकम निकासा दिन सक्नेछ।

१६. **प्रतिवेदन पेश गर्ने** : (१) राहत समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन सञ्चालक समितिमा पठाउनु पर्नेछ।

(२) सञ्चालक समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक वर्ष भरिमा भए गरेका काम कारवाहीको प्रतिवेदन नगर सभा समक्ष पेश गर्नु पर्नेछ।

१७. **बैठक भत्ता** : सञ्चालक समिति वा राहत समितिका संयोजक वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत नगरपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।